सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र
दार्चुला

फोन नं.: ०९३-४२०४४७
Email: akcdarchula@gmail.com
Website: darchulaakc.gov.np

पत्र संख्या : ०८२/०८३
च.नं. :

## विभिन्न कृषि विकास कार्यक्रम संचालनका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना

**सूचना नं : ०५-२०८२/८३**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०६/२६)**

कृषि ज्ञान केन्द्र, दार्चुलाको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रबर्धन नियमावली (पहिलो शंशोधन), २०८० बमोजिम सम्वन्धित क्षेत्रका ईच्छुक कृषक समूह/सहकारी/कम्पनी तथा कृषि फर्म/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०७/१५ भित्र यस कार्यालयमा आवश्यक कागजातहरु संलग्न राखी तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

..............................
श्याम राज जोशी
नि. कार्यालय प्रमुख

तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | आवेदकको योग्यता तथा अनुदानको प्रतिशत | थप आवश्यक कागजातहरु |
|---|---|---|---|---|
| १ | कृषि कर्जामा ब्याज अनुदान कार्यक्रम | जिल्लाभरी | • अनुमती प्राप्त बैंक तथा वित्तिय संस्थाहरुवाट कृषि कार्यका लागी लिएको बढीमा १ करोड सम्मको ऋणमा कम्तिमा १% सम्वन्धित लाभग्राहिले तिर्ने गरी बढीमा ८% सम्म यस कार्यालयवाट ब्याज वापतको रकम ब्याज अनुदान । | कृषि ऋण लिएको सम्बन्धित बैंकको कागजातहरु संलग्न राखी निवेदन पेश गर्नु पर्ने । |
| २ | साना सिंचाई निर्माण तथा मर्मत सहयोग | जिल्लाभरी | • कम्तिमा पनी ५ रोपनी क्षेत्रफलमा सिंचाइ सुविधा पुग्ने गरी सामुहिक रुपमा (समुह वा सहकारी) हरुवाट मात्र आवेदन माग प्रस्ताव हुनु पर्ने । | |
| ३ | साना कृषि औजार यान्त्रिकरण प्रवर्धन कार्यक्रम | जिल्लाभरी | • साना कृषि औजार तथा उपकरणहरु (मिनि टिलर, मिनि डिस्क मिल, मिनि राइस मिल, मिनि थ्रेसर, कर्न सेलर, आदीमा) स्विकृत लागत अनुमानको ५०% रकम अनुदान उपलब्ध गराइने छ । | |
| ४ | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | अपिहिमाल, नौगाड, ब्यास, मार्मा र मालिकार्जुन गा.पा. | • कम्तिमा २ रोपनी क्षेत्रफलमा प्राङ्गारीक कृषि उत्पादन गर्नु पर्ने छ र लागत अनुमानको ५०% रकम अनुदान उपलब्ध गराइने छ । | |
| ५ | कृषि अध्ययन गरेका वा विदेशबाट फर्किएका कृषि उद्यम गर्ने युवाहरुको उद्यमशिलता विकास सहयोग | जिल्लाभरी | • कृषि विषय अध्ययन गरि वेरोजगार रहेका युवा युवतीहरु तथा विदेशबाट फर्केका र स्वदेशमै कृषि व्यवसाय गरि रहेका युवा/युवतीहरुलाई निजहरुको माग र आवश्यकता बमोजिमको कार्यका लागी यस कार्यालयले तोकेको मापडण्ड बमोजिमको कार्य गर्नु पर्ने छ । र लागत अनुमानको ५०% रकम अनुदान | • विदेश वाट फर्केकाको हकमा पासपोर्ट र भिसा को प्रतिलिपी तथा कृषि विषय अध्ययन गरेका युवा युवतीको हकमा कृषि विषय |

CS CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दार्चुला
फोन नं.: ०९३-४२०४४७
Email: akcdarchula@gmail.com
Website: darchulaakc.gov.np

पत्र संख्या : ०८२/०८३
च.नं. :

| | | | | |
|---|---|---|---|---|
| | | | उपलब्ध गराइने छ । | अध्ययन गरेका सम्पुर्ण प्रमाण पत्रहरुको प्रतिलिपी पेश गर्नु पर्ने छ । |

आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु:

१. कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारेको निवेदन (रु. १० को हुलाक टिकट सहित)।
२. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली (पहिलो शंशोधन), २०८० बमोजिम को अनुसूचि ५ बमोजिमको ढाँचामा पुर्ण विवरण भरिएको प्रस्ताव फाराम ।
३. विगत २ वर्षमा यस्तै प्रकृतिको अनुदान सहयोग यस कार्यालय वा अन्य सरकारी, गैरसरकारी निकाय र कृषि आयोजना/परियोजना वाट प्राप्त नगरेको स्वघोषणा ।
४. सम्बन्धित स्थानिय तहको कृषि विकास शाखा वा सम्वन्धित वडा कार्यालयको सिफारिस ।
५. कृषक समूह/सहकारी/फर्मको दर्ता प्रमाण-पत्र, स्थाइ लेखा नम्वर र कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपी ।
६. कृषक समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपी ।
७. लाभान्वित हुने कृषकहरुको विवरण सहित नागरिकता, जग्गाको आधिकारिकता खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
८. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली (पहिलो शंशोधन), २०८० मा उल्लेख भए बमोजिमको (रु. १ लाख सम्मको अनुदान माग गरेका शुल्क नलाग्ने, १ लाख देखी ५ लाख सम्म अनुदान माग गरेमा रु. ३००।- र ५ लाख भन्दा बढीको अनुदान माग गरेमा रु. १०००।-) आवेदन शुल्क बुझाएको बैंक भौचर वा कार्यालयको नगदी रसिद ।

बैंक सम्वन्धी जानकारी
कार्यालय कोड : ३१२०१७३०१७
कार्यालयको नाम : कृषि ज्ञान केन्द्र दार्चुला
प्रयोजन : अन्य प्रशासनिक सेवा शुल्क
राजश्व शिर्षक नं : १४२२९

नि. कार्यालय प्रमुख

आवश्यक शर्तहरु:

१. आवेदन दिने उपभोक्ताहरु आवेदन सित सम्वन्धित कृषि पेशामा संलग्न रहेको हुनु पर्ने छ ।
२. आवेदन फाराममा भएका सम्पुर्ण विवरण पुर्ण रुपमा भर्नु पर्ने छ । अपुर्ण तथा अष्पष्ट रुपमा भरिएको, संलग्न गर्नु पर्ने कागजातहरु संलग्न नगरेको आवेदनहरु छनौट प्रकृयामा समावेश गरिने छैन ।
३. आवेदकले पेश गरेका प्रस्तावहरु स्विकार गर्ने वा नगर्ने अन्तिम र पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
४. प्रस्ताव फारामको नमुना यस कार्यालय र सम्वन्धित स्थानिय तहको कृषि शाखा वाट प्राप्त गर्न सकिने छ । साथै यस कार्यालयको Website : darchulaakc.gov.np र Facebook page कृषि ज्ञान केन्द्र दार्चुला वाट पनि डाउनलोड गरेर भर्न सकिने छ ।

(थप जानकारीको लागी सम्पर्क व्यक्ती: शिशिर आचार्य, सूचना अधिकारी मो.नं. ९८५८७८०४४७)

CamScanner